**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


# बबई राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ८) बबई दाङ, संख्याः २ मितिः २०८१/०३/०१


**भाग-१**

**बबई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, हापुरे, दाङ

**बबई गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## बबई गाउँपालिकाको शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा प्र.अ व्यवस्थापन कार्यविधि, २०८१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २(ज को ११ र १२) बमोजिम बबई गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, विद्यालय समायोजन तथा प्र.अ. व्यवस्थापन कार्यविधि, २०८१ बबई गाउँकार्यपालिकाको मिति २०८१/०२/१८ गतेको बैठकवाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

# शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा प्र.अ व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः- बबई गाउँपालिका क्षेत्र भित्र रहेका सबै सामदुायिक विद्यालयका शिक्षक विद्यार्थी संख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकाले बबई गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा (११) ज. ११ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(क) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा प्र.अ. व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि बबई गाउँपालिका भरी लागू हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले बबई गाउँपालिका बुझ्नुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले बबई गाउँपालिका अध्यक्ष लाई बुझ्नुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले बबई गाउँपालिकाको उपाध्यक्ष लाई बुझ्नुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले बबई गाउँपालिका कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बबई गाउँपालिकाको प्रमखु प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ।

(च) "गाउँ शिक्षा समिति" भन्नाले बबई गाउँपालिका शिक्षा समिति लाई सम्झनुपर्छ ।

(छ) "दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, अस्थायी बढुवाका शिक्षक, शिक्षक अनुदान

कोटा (राहत) मा रहेका शिक्षक, अपाङ्ग शिक्षक, यस्तै अन्य स्केल अनुसार गा.पा.अनदुान र संघीय अनुदान को तलब भत्ता पाउने शिक्षकलाई सम्झनुपर्छ।

(ज) "भौगोलिक विकट" भन्नाले बबई गाउँपालिका अन्तर्गत वडा नं १ का सबै विद्यालय र वडा नं.७ का देउती मा.वि तल्लोमलै र सरस्वती प्रा.वि जलजलालाई सम्झनुपर्छ

(झ) "तह" भन्नाले विद्यालयको तह बुझ्नुपर्छ ।

(ञ) " प्रधानाध्यापक " भन्नाले सामुदायिक विद्यालयको प्राज्ञिक तथा प्रशासनिक भूमिका निर्बाह गर्ने शिक्षक सम्झनुपर्छ ।

(ट) "प्र.अ व्यवस्थापन " भन्नाले सामुदायिक विद्यालयमा स्थायी शिक्षकहरुलाई तहगत रुपमा प्रधानाध्यापकको जिम्मा दिने कार्य सम्झनुपर्छ ।

(ठ) "सामदुायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ड) "शिक्षा समिति अध्यक्ष " भन्नाले स्थानीय तह गाउँ शिक्षा समिति अध्यक्षलाई सम्झनुपर्छ।

(ढ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ण) "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने बुझ्नपुर्छ।

(त) "विद्यालय व्यवस्थापन समिति" भन्नाले बबई गाउँपालिका क्षेत्र भित्रका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(थ) "कार्यदल" भन्नाले दफा ६ वमोजिमको कार्यदल सम्झनु पर्दछ,

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ध) सिफारिस समिति दफा ८ बमोजिमको समिति सम्झनु पर्दछ ।

(न) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिका भित्रको शिक्षा युवा तथा खेलकुद शाखा हेर्ने शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## विवरण अद्यावधिक

**२. विवरण अद्यावधिक गर्ने :**

**(क) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरूको विवरण अध्यावधिक गर्नुपर्नेछ** । विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी सट्टा शिक्षक लगायत सरकारी गा.पा/ संघीय अनदुानबाट तलब खानेगरी शिक्षक छनौट प्रकृया पुरा गरी आएका हाल कार्यरत स्थायी,अस्थायी शिक्षकहरूको विवरण अद्यावधिक गर्नुपर्नेछ।

**(ख) विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने** :हाल बबई गउँपालिका भित्र तहगत रूपमा रहेका मौजुदा शिक्षक दरबन्दी र सामुदायिक विद्यालयमा तहगत रूपमा अध्ययन गर्ने विद्यार्थीहरूको शिक्षक विद्यार्थी औषत अनुपात निकाल्दा तहगत रुपमा देहाय बमोजिमको शिक्षक विद्यार्थी अनुपात हुनेछ ।

(i) आधारभूत तह (१-५)= १५ जना

(ii) आधारभूत तह (६-८) = ४० जना

(iii) मावि तह (९-१०) = ४५ जना

(iv) मावि तह (११-१२) = ८५ जना

## परिच्छेद-३

## शिक्षक दरबन्दी मिलानका आधारहरु

**३. विद्यालयगत रूपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरू**

क) भौगोलिक अवस्था,

ख) विद्यार्थी संख्या,

ग) कक्षागत अवस्था,

घ) तल्लो तहका शिक्षकबाट माथिल्लो तहमा पठन पाठन भई सञ्चालन भएका विद्यालय,

क) **भौगोलिक अवस्थाः-** दुर्गम क्षेत्र अन्तर्गत बबई गाउँपालिका वडा नं १ का सबै विद्यालय, वडा नं ७ का देउती मावि तल्लो मलई र सरस्वती प्रा.वि जलजला विद्यालयहरु रहने छन ।

ख) **विद्यार्थी संख्याः** विद्यार्थी संख्या कम भएका विद्यालयहरूबाट विद्यार्थी संख्या बढी भएका विद्यालयमा परिच्छेद २ दफा २(ख) वमोजिम शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिने छ। साथै भौगोलिक अवस्था, विद्यार्थी संख्या, कक्षागत शिक्षकको अवस्था र तल्लो तहबाट माथिल्लो तहका कक्षामा शिक्षण गरिरहेका शिक्षक आदि मापदण्डलाई समेत आधार लिइ गर्न सकिनेछ ।

ग) **कक्षागत अवस्थाः** सामान्यतया विद्यार्थी संख्याको आधारमा कक्षा अनुसार शिक्षकको व्यवस्थापन गरिनेछ। विद्यार्थी संख्या कम भए परिच्छेद २ दफा २ (ख) बमोजिम शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा सके सम्म एक कक्षा एक शिक्षकको व्यवस्थापन गरिने छ। साथै मापदण्डको भन्दा धेरै विद्यार्थी संख्या र शिक्षक कमभए दरबन्दी थप गरी पुनर्वितरण गरिनेछ ।

घ) **तल्लो तहका शिक्षकबाट माथिल्लो तहमा पठन पाठन भई सञ्चालन भएका विद्यालय** सम्बन्धित तहमा विद्यार्थी मापदण्ड भन्दा कम भए तापनि माथिल्लो तहमा तोकिएको मापदण्ड भन्दा बदी भए माथिल्लो तहमा शिक्षक तथा अनुदानको व्यवस्था भए प्रश्चात मात्र शिक्षक दरबन्दी पुनर्वितण गरिनेछ।

## दरबन्दी मिलानका थप प्रक्रिया र आधारहरु

### ४. दरबन्दी मिलानको क्रममा अपनाउने थप प्रक्रिया तथा आधारहरु

(क) विद्यार्थी संख्या कम भई शिक्षक संख्या पुलमा रहन गएमा त्यस्तो विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दीलाई अर्को शैक्षिक सत्रमा मिलान गर्दा विद्यार्थी संख्या कम भएकोवाट विद्यार्थी संख्या वढी भएका विद्यालयमा मिलान गरिनेछ। यसरी मिलान गर्दा अपाङ्ग, महिला शिक्षक लाई प्राथमिकता दिईने छ, काजमा रहेका शिक्षक तथा कर्मचारी र अन्य शिक्षक तथा कर्मचारीहरूलाई कनिष्टताका आधारमा पहिलो क्रम छिमेकी विद्यालय त्यस पछि वडा र त्यहाँ पनि कोटा नभए जहाँ दरबन्दी थप हुन्छ त्यही दरबन्दी मिलान गरिनेछ ।

(ख) न्युनतम विद्यार्थी संख्या कायम गर्दा यस कार्यविधिको परिच्छेद २ को दफा २(ख). मा तोकिएको बमोजिमको आधारमा गरिनेछ ।

(ग) हालको लागि खण्ड ४ (ख) मा उल्लेख भएको विद्यार्थी संख्या न्युनतम विद्यार्थी संख्याको रूपमा तोकिए पनि विद्यार्थी संख्या बढ्न गएमा फेरी अर्को वर्ष दरबन्दी मिलान एवम् प्रत्येक वर्ष दरबन्दी मिलान गर्नु गर्नेछ ।

(घ) भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र मर्ज गर्न नसकिने विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदा सम्म विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धि प्रक्रिया रोक्का गरिनेछ र त्यस्तो दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गरिनेछ। तर जुन विद्यालयमा शिक्षक पद पुर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठनै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले अनुमति दिई शिक्षक नियुक्तिका लागि प्रक्रिया अगाडि बढाइनेछ

(च) दरबन्दी मिलानको क्रममा दरबन्दी कट्टीमा परेको भए विद्यालयमा दरबन्दी रित्त भए सोही दरबन्दीलाई थप हुने विद्यालयमा मिलान तथा पुनर्वितरण गरिनेछ ।

५) शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा थप नहुने र नकट्टीने विद्यालयमा दरबन्दी रित्त हुन गएमा उक्त रित्त दरबन्दीलाई थप हुने विद्यालमा मिलान गरी पुलमा रहेका दरबन्दीलाई उक्त विद्यालयमा मिलान गर्न सकिनेछ ।

(क) दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको हकमा न्युनतम विद्यार्थी संख्या र शिक्षक संख्या कायम गरिनेछ एवं दफा २(ख) बमोजिम गरिनेछ ।

## परिच्छेद-५

## ५.दरबन्दी मिलान पछिको शिक्षक व्यवस्थापन

क. अपाङ्ग र सुत्केरी शिक्षकको हकमा अपाङ्गता र सुत्केरीको प्रकृती हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निज शिक्षकले चाहेको विद्यालयमा दरबन्दी थप गर्नु पर्ने भएमा उक्त

विद्यालयमा काममा खटाउने सकिनेछ, साथै सुत्केरी र अपाङ्ग क ख श्रेणीलाई अपाएक मिलान गरिनेछैन ।

ख. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी संख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरूलाई सम्बोधन गरिनेछ ।

ग. दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरूको संख्या एकीन गरी सारांश विवरण तयार गरिनेछ ।

घ. महिला र अपांग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति गरेर कनिष्ठ भए पनि पहिलो चरणमा पायक वा रोजेको विद्यालयमा पठाइनेछ ।

ङ. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गरिनेछ र शिक्षण सिकाइ अनुदान समेत वितरण गरिनेछैन । नियुक्ति र सरुवाको अनमुति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनपुात अनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ति गर्न अनुमति नदिने र सरूवा गरेर पनि पदपुर्ति गरिनेछैन साथै दरबन्दी कट्टी हुने तहमा अनुमति र सरुवाको प्रकृया दरबन्दी मिलान नहुदा सम्म गरिनेछैन।

छ. दरबन्दी मिलान सँगै सरुवा गर्दा दरबन्दी बढी भएको विद्यालयबाट कनिष्ठका आधारमा निकाल्ने र पालिकामा सम्पूर्ण शिक्षकको जेष्ठताका आधारमा सरुवा वा मिलान गरिनेछ।

ज. दरबन्दी मिलानको कार्य अवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति, नियम, निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गराइनेछ।

## परिच्छेद-६

**दरबन्दी मिलान कार्यदलको गठन**६(क) दरबन्दी मिलान, विद्यालय समायोजन र प्र.अ. व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि दरबन्दी मिलान, विद्यालय समायोजन र प्र.अ. व्यवस्थापन कार्यदलको गठन गर्न सकिनेछ । दरबन्दी मिलान समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन्:

गाउँपालिका अध्यक्ष - संयोजक

गाउँपालिका उपाध्यक्ष- सदस्य

प्रमुख प्रशासकीय अधिकृत –सदस्य

सामाजिक विकास समितिका संयोजक - सदस्य

बबई गाउँपालिका शिक्षक महासंघ अध्यक्ष वा प्रतिनिधि -सदस्य

प्रशासन शाखा प्रमुख -सदस्य

शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(ख) दरबन्दी मिलान, विद्यालय समायोजन र प्र.अ. व्यवस्थापन सम्बन्धी कार्य अगाढी वढाउँदा पेसागत संघ, संगठनका प्रतिनिहरू संग छलफल र आवश्यक परामर्श छनौट समितिले गर्नेछ।

(ग) समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ।

(घ) समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेशनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको लगायतका सुविधाका लागि कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**(ङ). दरबन्दी तथा प्र.अ. व्यवस्थापन कार्यदलको काम, कर्तव्य र अधिकार:**

(i).शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलान पछि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने विद्यार्थी संख्या एकिन गरी परिच्छेद ८ बमोजिमको सिफारिस समितिले निर्माण गरेको प्रतिवेदनलाई आवश्यक छलफल गरी अन्तिम निर्णयका लागि कार्यपालिकामा सिफारिस गरिनेछ।

(ii) शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित कार्यपालिकामा सिफारिस गरिनेछ ।

(iii). गाउँपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(iv) दरबन्दी मिलान तथा समायोजन तथा प्र.अ. व्यवस्थापन गर्दा शैक्षिक सत्र सुरू भए पश्चात विद्यालयमा शिक्षक तथा विद्यार्थीको तथ्याङ्कको वास्तविक अवस्था के रहेको छ, सो सम्बन्धमा प्रतिवेदन निर्माण गर्न सिफारिस समितिलाई निर्देशन दिइनेछ ।

## परिच्छेद-७

## प्रधानाध्यापक व्यवस्थापनका आधारहरुः

७.१ सामुदायिक विद्यालयमा तहगत प्रधानाध्यापकको व्यवस्था गर्न निम्न आधार लिईनेछ।

क) माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित सामुदायिक विद्यालयमा स्नातकोत्तर योग्यता हाँसिल गरेको मावि स्थायी वरिष्ठ शिक्षक वा स्थायी नियुक्ति लिई कम्तिमा १० वर्ष शिक्षण अनुभव लिएको वरिष्ठ शिक्षक

ख) खण्ड (क) बमोजिमको योग्यता भएका व्यक्ति नपाइएमा सम्बन्धित तहको वरिष्ठतम स्थायी शिक्षक

ग) आधारभूत तह (कक्षा १-८) को प्र.अ हुनको लागि सम्बन्धित तहको स्थायी नियुक्ति लिई कम्तिमा स्नातक तह उत्तीर्ण गरेको वरिष्ठतम शिक्षक

घ) खण्ड (ग) बमोजिमको योग्यता हाँसिल गरेको व्यक्ति नभएको खण्डमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको सम्बन्धित तहको वरिष्ठतम स्थायी शिक्षक

ङ) आधारभूत तह ( कक्षा१-५) सञ्चालित सामुदायिक विद्यालयमा प्र.अ. नियुक्ति गर्दा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह योग्यता हाँसिल गरेको वरिष्ठतम स्थायी शिक्षक हुनु पर्नेछ।

च) खण्ड (ङ) बमोजिम प्र.अ. नियुक्ति गर्दा माथिल्लो योग्यतालाई विशेष ग्राह्यता दिइनेछ।

**७.२ प्र.अ . व्यवस्थापनका प्रक्रियाः**

क) यस कार्यविधिको परिच्छेद ७.१ बमोजिम योग्यता पुगेका शिक्षक तथा अन्य जुनसुकै शिक्षकलाई आवश्यकता अनुसार विद्यार्थी शिक्षक अनुपात मिलान गरी काज सरुवा र पदस्थापना हुने गरी दरबन्दी मिलान गरिनेछ ।

ख) बबई गाउँपालिकाको शिक्षा नियमावली २०७४ को परिच्छेद ९ को नियम ५० को उपनियम २ मा व्यवस्था भए अनुसार प्र.अ व्यवस्थापन गरिनेछ ।

ग) प्रधानाध्यापक हुनाको लागि शिक्षक स्वैच्छिक रूपमा तयार भएको हुनु पर्नेछ

## परिच्छेद-८

## दरबन्दी मिलान सिफारिस समितिको गठन

७.३ (क)सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पुर्नवितरण (मिलान), प्र.अ. व्यवस्थापन र विद्यालय समायोजनको लागि विद्यालयको बास्तविक अवस्थाको अध्ययन विश्लेषण गरी आवश्यक दरबन्दी पुनर्वितरणको मापदण्डको आधार तयार गर्नको लागि तपसिलको समिति गठन गर्न सकिनेछ। सिफारिस समितिका पदाधिकारीहरू देहाय बमोजिम रहनेछन्।

संयोजक सामाजिक विकास समिति — संयोजक

कार्यपालिका सदस्यहरू मध्येबाट मनोनयन गरिएको एकजना सदस्य —सदस्य

बबई गाउँपालिका अन्तर्गतका माध्यमिक तह (कक्षा ९—१२) सञ्चालन भएका प्रधानाध्यापकहरू मध्येबाट तीनजना —सदस्य

बबई गाउँपालिका अन्तर्गतका पेसागत संघ,संगठनका प्रमुखहरू —सदस्य

बबई गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रतिनिधि —सदस्य सचिव

ख) दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा आवश्यक कर्मचारी र पदाधिकारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद —९

## विविधः

**क. कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

**ख. कार्यविधिको संशोधन वा हेरफेरः** यस कार्यविधिमा थप घट वा संशोधन गर्नु पर्ने भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**ग.बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले,

चेत नारायण कंडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८१।०२।१८